# गाउँसभाको बैठकमा बाँफिकोट गाउँपालिकाका अध्यक्ष

# श्री जनक कुमार बाठाँ मगर द्धारा

# प्रस्तुत आगामि आर्थिक वर्ष २०८०।०८१ को बाँफिकोट गाउँपालिकाको वार्षिक, नीति कार्यक्रम तथा प्रस्तावित संक्षिप्त बजेट

# २०८०

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

मितिः २०८० आषाढ १० गते आईतबार

स्थानः बाँफिकोट गाउँपालिका, सभाहल, बाँफिकोट-४, रुकुम (पश्चिम)।

**यस बाँफिकोट गाउँपालिकाको**
**गरीमामय आठौं गाउँ सभाका उपाध्यक्ष ज्यू,**
**प्रमुख जिल्ला अधिकारी ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**उपस्थित सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु,**
**कार्यपालिका सदस्य ज्यूहरु,**
**सभाका सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण राजनितीक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु,**
**विषयगत शाखाका शाखा प्रमुख ज्यूहरु,**
**पत्रकार ज्यूहरु,**
**सुरक्षाकर्मी ज्यूहरु,**
**प्रत्येक वडाका वडा सचिवज्यूहरु,**
**लगायत सम्पूर्ण कर्मचारी मित्रहरु एवम्**
**बाँफिकोट गाउँपालिका बासि महिला तथा सज्जनबृन्द!**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, कर्णाली प्रदेश स्थित रुकुम (पश्चिम) जिल्लाको बाँफिकोट गाउँपालिकाको गरिमामय यस आठौं गाउँ सभामा यस गाउँपालिकाको अध्यक्षको हैसियतले आ.व. २०८०।०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा साह्रै नै गौरवान्वित महशुस गरेको छु। यस महत्वपूर्ण घडीमा मुलुकमा भएका ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, सशस्त्र संघर्ष लगायत जनाधिकार प्राप्त एवम् संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि आफ्नो अमूल्य जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै अधिकार प्राप्तिका विभिन्न आन्दोलनका

क्रममा हाल सम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु। यसका साथै म यस बाँफिकोट गांउपालिकामा बसोवास गर्नेसम्पुर्ण आमाबुवा दाजुभाई दिदिबहिनीहरु सम्पूर्ण राजनितिक दललाई बिशेष धन्यवाद दिनुका साथै देश तथा विदेशमा बसोवास गर्ने सम्पूर्ण शुभेच्छुक साथीहरु बाँफिकोटबासी नागरिकहरु प्रति न्यानो सम्झना समेत व्यक्त गर्दछु।

नेपालको संविधान, नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि सम्झौता, स्थानीय सरकार संचालन ऐन २०७४, विनियोजन विधेयक २०८० का सिद्धान्त प्राथमिकता, नेपालको पन्ध्रौ योजनाका लक्ष्य तथा उद्येश्यहरु र यस बाँफिकोट गाउँपालिकाले निर्माण गरेका ऐन तथा कार्यविधी, संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, विभागहरुले पटक पटक गरेका आदेश एवम् परिपत्र तथा नेपाल सरकारले जारी गरेका सार्वजनिक खर्चमा मित्व्ययिता र प्रभावकारिता कायम गर्नुका साथै बाँफिकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, गाउँपालिकाले आयोजना गरेको राय सुझाव संकलन कार्यक्रमबाट आएका बौद्धिक वर्गका सुझाव र गाउँसभाका आदरणीय सदस्यहरुले दिनु भएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**गाउँ सभा सदस्यज्यूहरु,**

यस गरिमामय सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेटले निर्दिष्ट गरेका लक्ष्य र उद्येश्यहरुबाट प्राप्त मार्गदर्शन र दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम् योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु समेतका आधारमा आगामि आ.व. २०८०।०८१ का लागि यो बार्षिक बजेट, नीति तथा कार्यक्रम तयार पारेको छु। यस बार्षिक बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाँउपालिकाका लक्षित उद्येश्यहरु हासिल हुने विश्वास लिएको छु।

विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वतवर्ग र गाउँपालिकाभित्र र बाहिर रहनु भएकादिदी–बहिनी, दाजु–भाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यानदिएको छु । आदरणीय दाजुभाई तथा दिदीवहिनीहरु, यस बाँफिकोट गाँउपालिकामा युवा बेरोजगार विदेश पलायन दर उच्च स्थानमा रहको छ यद्यपि यस प्रकारको वेरोजगारी समस्याका वीच पनि विकासका प्रमुख सम्भावना, अवसर हामी सगँ छन। प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनितिक, ऐतिहाँसिक दृष्टिकोणले गौरव गर्न लायक बाँफिकोट गाउँपालिकाको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी अनुरुपको प्रतिफल तथा प्रभावकारिता वारेमा अझै प्राप्त गर्ने हामि सवैको प्रयास जारी नै छ। बाँफिकोट गाउँपालिकालाई कृषि, पर्यटन र पूर्वाधारको माध्यमबाट समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सक्ने प्रशस्त सम्भावना रहको छ।

**उपस्थितसम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु,**

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार नीति तथा कानुनको निर्माण त्यसको कार्यान्वयन र योजना छनौट देखि कार्यान्वयन, मुल्यांकनका साथै त्यसको दीगोपनलाई समेत मध्यनजर गरेर योजना छनौट तथा कार्यान्वयनमा गाउँपालिका सधैं तत्पर जवाफदेहि रहेको छ। गाउँ सभा सदस्यज्यूहरु वर्तमान नेपालको अर्थतन्त्रमा कोरोना भाईरस तथा अन्य आर्थिक सामाजिक भौतिक कारण तथा दिनहूँ हुने व्यापार घाटाले देशको अर्थतन्त्र कमजोर छ तर पनि उपलब्ध साधनको उच्चतम प्रयोग गर्दै गाउँपालिकालाई समृद्ध बनाउन सम्पूर्ण जनप्रतिनिधहरु, कर्मचारीहरु, स्वास्थ्यकर्मिहरु र स्थानीयशिक्षक वुद्धिजिविहरुको विभिन्न राजनितिक दल युवा समाजसेवी तथा सम्पूर्ण जनताले वर्तमान अहिलेको अर्थ व्यवस्थाको चुनौतीलाई सामनागर्दै **"सुशासन र सदाचार, बहिष्कार गरौं भ्रष्टाचार "** भन्ने मुल मन्त्रलाई आत्मसाथ गरी सम्वन्धित भौतिक पूर्वाधार रोजगारमुलक, स्वास्थ्य क्षेत्रमा लगानीको विस्तार र विपद व्यवस्थापन, पुर्नस्थापना, रोजगारमुलक कार्य र असलशासन सबैको अपनत्वको शासन विभेद र प्रतिशोधको अन्त्य भएको शासनको आभास हुने गरि नै आगामि वर्षको वजेट केन्द्रित हुनेछ। यस परिस्थितिमा यस गाउँपालिकाको आगामी वर्षको वजेट नीति तथा कार्यक्रम सामान्य भन्दा फरक हुनेछ। गाउँपालिकावासिलाई समृद्ध र सुखि बनाउन, नागरीकहरुको स्वास्थ्य, शिक्षा, रोजगार सुधार गरी सहज तवरले जीवनयापन गर्न पाउनु पर्ने अधिकारको सुनिश्चित गर्दै गाउँपालिकावासिको अमूल्य मतदानवाट प्राप्त जिम्मेवारी प्रति म सधैं सचेत छु। **"स्वास्थ्य शिक्षा तथा कृषि पर्यटन र पूर्वाधार, बाँफिकोट गाउँपालिकाको समृद्धिको आधार"** भन्ने मुल अभियानका साथै स्थानीय स्तरमै

रोजगारी सिर्जना हुने किसिमका व्यवसाय सञ्चालन गर्ने अभिप्रेरित गरिने कार्यक्रम यस नीति तथा कार्यक्रमले निर्दिष्ट गरेको छ। जनआकांक्षा र स्थानीय आवश्यकता बिच तालमेल मिलाउन अधिकतम जनसहभागिता कायम गर्दै प्राप्त हुने लाभ र लागता आधारमा पिछडिएका जातजाति, दलित, उत्पिडित, महिला, अपाङ्ग आदिवासि जनजाती तथा विपन्न वर्ग आदिको उत्थानको लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा समानुपातिक पहुँच हुने गरि सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा आगामि आ.व. २०८०।०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ।

## १) स्थानीय तहको संक्षिप्त परिचयः



बाँफिकोट गाउँपालिका नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाँउपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको कर्णाली प्रदेश अन्तर्गतको रुकुम (पश्चिम) जिल्लामा पर्ने एक स्थानीय तह हो। गाउँपालिकाको कुल क्षेत्रफल १९०.४३ वर्ग किलोमिटर छ। नेपालको नयाँ संविधान, २०७२ बमोजिम यस अघिका ५ गा.वि.स. गाभिएर बाँफिकोट गाउँपालिका स्थापना भएको थियो। बाँफिकोट, पिपल, झुला, दुली (वार्ड नं ४, ५ र ६) र मग्मा (वार्ड नं १-६ र ९) गाउँपालिकालाई कुल १० वडामा विभाजन गरिएको छ र सदरमुकाम बाँफिकोटमा

अवस्थित छ। बाँफिकोट गाउँपालिका पूर्वमा सिस्ने गाउँपालिका (रुकुम पूर्व जिल्ला), दक्षिणमा मुसिकोट नगरपालिका, पश्चिममा सानीभेरी गाउँपालिका र उत्तरमा आठबिसकोट नगरपालिका पर्दछ।यस गाउँपालिकामा १० वटा वडा रहेका छन् । बाँफिकोट गाउँपालिका वडा नं. ४ स्थित बाँफिकोट गाउँपालिकाको केन्द्रमा अवस्थित रहेको छ । सानीभेरी नदीको किनारामा अवस्थित छिनखेत बजार यस बाँफिकोट गाउँपालिका व्यापारिक क्षेत्रमध्ये एक मुख्य क्षेत्र हो। यस बाँफिकोट गाउँपालिकाको मुख्य पर्यटकिय स्थल स्यार्पु ताल रहेको छ। वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा ४,८२७ परिवार संख्या वसोवास गर्दछन्। गाउँपालिकाको कुल जनसंख्या २०,९४० रहेको छ। जसमा पुरुषको संख्या १००८५ र महिलाको संख्या १०८५५ रहेको छ।

**<u>गाउँपालिकाका सबल पक्ष (सम्भावनाहरुः)</u>**

१) स्यार्पुताललाई प्रमुख पर्यटक स्थलको रुपमा विकास गर्न सकिने छ।

२) बुढुमष्ट, कालाभैरव, भुतखोर, चमेरि मन्दिर, सिद्धगुफा, धनुजैसी बर्मा, भमखोला, सिद्धदह, छहरा, ओदान लुकाउने गुफा, मछिन्द्रनाथ, कालिका, शिवालय, शाहिकुमारि मठमन्दिर लगातयका धार्मिक पिठहरुले पर्यटनको सम्भावना बोकेको छ।

३) भम्पु, झारमारे, धजाहाल्ने, त्रिशुलगारे हावागुफा, पाथिहाल्ने, जारकाटे, दहनेटा, खामालेक, थामालेक, थुमलेक भनभने, पाथिभरे, तार्सुकाँडा, पुमा, मृगिछहरा, मेलगैरी, छहरा, नौधारी जस्ता उच्च र रमणीय स्थलहरु एवम् गुप्ती दह धार्मिकस्थलको विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने अवस्था छ।

४) कृषि, पशुपालन जस्ता क्षेत्रमा विशिष्टिकृत तथा पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना छ।

५) नदीजन्य पदार्थ उत्खनन् र विकास निर्माणमा प्रयोग हुने सामाग्रीहरु उत्पादन गर्न उद्योगहरु सञ्चालन गर्न सकिने अवस्था छ।

६) विद्युत प्रसारण लाईन विस्तार एवम् स्थानिय स्तरबाट विद्युत् उत्पादन गर्न सकिने अवस्था छ।

७) जैविक विविधताले भरिपूर्ण यो गाउँपालिकामा विभिन्न किसिमका फलफूल खेतिहरु अदुवा, अलैचिँ, किवि, सुन्तला, आरू, ओखर, स्याउ, आलुबखडा, एवम् अंगुर जस्ता मौसमी तथा बेमौसमी फलफुलको उत्पादनको प्रचुर सम्भावना रहेको छ।

८) खानीजन्य पदार्थहरु उत्खनन् गरी गाउँपालिकाको आम्दानीको स्रोत बढाउने सम्भावना रहेको छ।

९) मौरी पालन तथा स्थानीय चिउरिका बिरुवा लगायत जंगली प्रजातीका अमलाका साथैं सयौं जडिबुटीहरुको संरक्षण एवम् व्यवस्थापन गरी बिक्री वितरण गरी आम्दानी गर्न सकिने अवस्था रहेको।

**<u>कमजोर पक्षः</u>**

१) आर्थिक विकासका सम्भावना बोकेका पूर्वाधारहरु सडक, पुल पुलेसाको निर्माणको लागि पर्याप्त बजेट नहुँदा समयमै निर्माण गर्न सकिएका छैन।

२) व्यवसायिक फलफूल तथा आधुनिक कृषि व्यवसाय संचालनका लागि आधुनिकिकरण सिचाई प्रणालीको अभाव।

३) मझौला तथा ठूला कलकारखाना व्यवसाय उद्योग नहुँदा बेरोजगारी समस्या।

४) वन तथा वातावरणको संरक्षण नहुँदा बाढी, पहिरो तथा दैविक प्रकोपको समस्या।

५) वन्यजन्तु बाट जनधन, नालीबाली तथा भौतिक सम्पत्तिको क्षति निरन्तर भईरहेको।

६) ठुलो उद्योग धन्दा सञ्चालन नहुनु, बजार व्यवस्थापन गर्न नसक्नु र सुलभ रुपमा कृषि सामाग्री उपलब्ध हुन नसक्नु।

७) आम्दानीको स्रोत कृषि मात्र हुनु तथा वैदेशिक रोजगार र रेमिटयान्समा भरपर्ने अवस्थाको सिर्जना हुनु।

८) समयमै अस्पताल व्यवस्थापन हुन नसक्दा विशेषज्ञ सेवाको अभाव रहेको।

९) गुणस्तरिय शिक्षा तथा उच्च शिक्षाको अभाव।

**अवसरहरुः**

शिक्षा, स्वास्थ्य, सुरक्षा, स्वच्छ पिउने पानी, कृषि पशुपालन, व्यापार, व्यवसाय, फलफूल खेतीको प्रभावकारी ढंगले व्यवस्थापन गर्न सके गरिबी निवारण तथा जनताको जीवन स्तरमा सुधार हुने देखिन्छ। यस बाहेक यहाँका अवसरहरु यस प्रकार रहेको देखिन्छः

१) कृषि पकेट क्षेत्रको विकास गर्न सकिने,

२)औद्योगिक ग्रामलाई सञ्चालनमा ल्याई औद्योगिक केन्द्रको विकास गर्न सकिने,

३) प्याराग्लाइडिङ सञ्चालन गरि पर्यटकलाई आकर्षण गर्न सकिने,

४) कृषिमा आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्दै कृषिजन्य उद्योगहरु स्थापना गर्न सकिने,

५) स्थानीय उत्पादनलाई गुणस्तरीय बनाई प्रचार-प्रसार गरी अन्य बजार क्षेत्रमा समेत पठाउन सकिने,

६) कृषिजन्य, दुग्धजन्य र मासुजन्य व्यवसायहरु संचालन गरी निकाशी गर्न सकिने,

७) धार्मिक पर्यटकहरुको आकर्षण गर्न सकिने,

८) सानिभेरी नदी सम्म सडक विस्तार गरी प्रचलित कानुन बमोजिम निर्माण सामाग्री बालुवा, गिटी जस्ता सामाग्री निकाशी गरी पूर्वाधार निर्माणका साथै आर्थिक लाभ लिन सकिने।

**<u>चुनौतीहरु:</u>**

१) पर्याप्त स्रोत साधन, विषय विज्ञताका कारण संस्थागत, प्राविधिक र स्थानीय स्रोत हुँदा पनि गाउँपालिकाले राजश्व वृद्धि तथा एकिकृत सम्पत्ति कर लागु गर्नमा कठिनाई भईरहेको।

२) घरेलु हिंसा, मदिरा सेवन, बालबिबाह, बहुविवाह लगायतका विद्यामान कुसंस्कृतिका कारण समतामुलक समाज निर्माण हुन नसकेको।

३) वातावरण सम्बन्धी गुरू योजना नबन्नु तथा कार्यान्वयन नहुनुले बाढी, पहिरो, भू-क्षय जस्ता विपद् विद्यमान रहेका छन।

४) स्रोत साधन, पानीका मुहान, नदीनालाहरु हुँदाहुँदै पनि बजेट अभावका कारण सिचाई प्रणालीमा पूर्वाधार विकास गर्न नसकिएकाले कृषि प्रणालीलाई रुपान्तरण गरी व्यवसायिक कृषि तर्फ उन्मुख हुन नसकेको।

५) विभिन्न निकायहरुबाट संचालन भएका ठुला साना योजनाहरुको अनुगमन र समन्वय हुन नसकेको।

## २.) वर्तमान निर्वाचित गाउँ कार्यपालिका (आ.व. २०७९।०८० देखि हालसम्मको) समीक्षाः

स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भए पश्चात् निर्वाचित पदाधिकारी गाउँ कार्यपालिका तथा गाउँसभाबाट पारित बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको पक्ष सन्तोषजनक रहेको छ। हालसम्म भएका उपलब्धीहरु यस प्रकार छनः

१) सबै वडा कार्यालयहरु सडकको सञ्जालले जोडिएका छन् बस्तीहरुमा सडक सञ्जाल जोडिने पक्रियामा छ।

२) गाउँपालिका र गाउँपालिका बाहिर आवात जावत सहज तथा यातायात सुविधाका लागि गाउँपालिकामा सहज तरिकाले सडक बिस्तारको प्रक्रियामा रहेको।

३) जनतालाई सहज तरिकाले सेवा प्रभाव गर्न क्रमिक रुपमा वडा कार्यालय भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन।

४) भवन निर्माण, सडक, पुल, सिचाँइ, घेर पर्खाल, गोरेटो बाटो, खानेपानी, मूल संरक्षण जस्ता विभिन्न योजनाहरु सम्पन्न भएका छन।

५) पालिकास्तरीय तथा वडास्तरीय स्वास्थ्य संस्थाहरु निर्माणाधिन छन।

६) वडाका सबै वस्तीहरुमा खानेपानीको पहुँच पुग्ने अवस्थामा रहेको छ।

जनप्रतिनिधिहरुको विकासप्रतिको उच्च चासो र चिन्तन, सामुहिक निर्णय क्षमता तथा अग्रसरताले विकास योजनाहरु समयमै सम्पन्न भएका र हुने क्रममा छन्। एकताबद्ध निर्णय प्रक्रियाले कार्य वातावरणलाई सरल बनाइएको पाइयो। विगतको सिकाइलाई मध्यनजर गर्दै आगामि दिनहरुमा विगतका कमिकमजोरीहरुलाई सुधार गर्दै अघिबढ्दा अपेक्षित उपलब्धि हासिल गर्न सकिने कुरामा विश्वस्त छौं। चालु आ.व.२०७९।०८० मा

आन्तरिक श्रोत तर्फ विनियोजत भएका योजना एवम संघ सरकार र प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त नभई कार्य समपन्न भएका तर भुक्तानि नभएका योजनाहरुको दायित्व म.ले.प. फाराम नं. २२१ भरि कार्यपालिकाबाट अनुमोदन गराई दायित्व लिने व्यवस्था मिलाईनेछ।

**<u>बाँफिकोट गाउँपालिकाको आ.व. २०८०।०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रमहरुः</u>**

**गाँउ सभा सदस्यज्यूहरु,**

अब म आगामि आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न गईरहेको छु।

**"स्वास्थ्य शिक्षा तथा कृषि पर्यटन र पूर्वाधार, बाँफिकोट गाउँपालिकाको समृद्धिको आधार"** भन्ने नारालाई साकार पार्न आगामि आर्थिक वर्ष २०८०।०८१ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरेको छु।

**यस आर्थिक वर्षको लागि अनुमानित कूल बजेट ५५ करोड ५ लाख १० हजार रुपैंयाको प्रारम्भिक प्रक्षेपण गरेको छु।**

**यही बजेटको सीमा भित्र रहेर आ.व. २०८०।०८१ को लागि बजेटको निम्न उद्येश्यहरु निर्धारण गरेको छुः**

१)यस गाउँपालिकाका बजार एवम् ग्रामीण क्षेत्रबिच अन्तर सम्बन्धित आयोजनाहरु कार्यान्वयन गरी ग्रामीण क्षेत्रका बासिन्दाहरुको बजार क्षेत्र तथा केन्द्र सम्मको पहुँच बढाई आयमुलक रोजगारीका अवसरहरु सिर्जना गरि गरिबि न्यूनिकरण गरिनेछ।

२) जनयुद्ध, जनआन्दोलनका शहिद परिवार, द्धन्द पिडित, घाइते, अपाङ्गहरुलाई उच्च सम्मान सहित आर्थिक आयआर्जनको कार्यक्रमका समावेश गर्ने विशेष नीति लिइनेछ।

३) लक्षित वर्ग र ग्रामिण भेगमा रहेका वासिन्दाहरुमा सचेतना अभिवृद्धि गर्दै सीपमुलक र आयमुलक कार्यक्रम मार्फत जीवनस्तर सुधारमा निरन्तरता दिइने छ।

४) ग्रामीण समुदायमा छरिएर रहेको पूर्जीँलाई कृषक समूह, महिला समूह, आमा समूह र किशोरी समुह आदि गठन गरी सहकारिताको सिद्धान्त बमोजिम एकिकृत गर्दै उत्पादन, रोजगारी तथा क्षमता विकासमा निरन्तरता दिइने छ।

५) सम्पूर्ण सार्वजनिक जग्गा, ताल, तलैया, वनजंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पत्तिको संरक्षणमा जोड दिइने छ।

६)सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सौर्य उर्जा, विद्युत आदि सुविधाहरुको वृद्धि गरिनेछ।

७) ग्रामीण क्षेत्रमा छरिएर रहेको परम्परागत सीप, क्षमता तथा पेसालाई आधुनिकिकरण गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८) फोहोरमैला व्यवस्थापन र ल्याण्डफिल साईटको स्थान छनोट गरि यसै आ.व. देखि फोहोरमैला व्यवस्थापन गरिनेछ।

९) स्वास्थ्य केन्द्रहरुको आवश्यक स्तरोन्नति गर्दै चाहिने उपकरणहरुको सुनिश्चतता गरिनेछ।

१०) कृषि क्षेत्रको विकासको लागि कृषिका पकेट क्षेत्रहरु निर्धारण गरी व्यवसायिक खेतीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११) पूर्वाधार निर्माणमा यसै वर्ष देखि भवन निर्माण आचार संहिता लागु गरी भुकम्प प्रतिरोधी पूर्वाधार निर्माण पक्रिया सुरु गरिने छ। सो सम्बन्धमा आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ।

१२) एकीकृत सम्पत्ति करलाई राजस्व संकलनको मुल आधार मानी यसै आ.व. बाट थप सुधारोन्मुख गरिनेछ।

१३) कृषि विकासलाई प्रभावकारी र गुणस्तरीय बनाउन **एक वडा एक कृषि प्राविधिक, एक वडा एक पशु स्वास्थ्य प्राविधिक** व्यवस्थापन गरि कृषि तथा पशु पंक्षीहरुको स्वास्थ्यलाई सुधार गरिने नितिलाई निरन्तरता दिइनेछ।

१४) न्यायिक समितिलाई थप प्रभावकारी बनाउने नीति लिइनेछ।

१५) धार्मिक स्थल तथा पर्यटकीय स्थलहरुको अध्ययन तथा प्रचारप्रसार गरी पर्यटन विकासमा जोड दिइनेछ।

१६) जनसहभागिता तथा लागत सहभागिताका आधारमा भौतिक पूर्वाधार निर्माणका योजनाहरुलाई निरन्तरता दिइनेछ।

१७) सुकुम्बासी, अव्यवस्थित बसोबास तथा भुमिहीन नागरिकलाई उचित बसोबासको लागि व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

## क) आर्थिक विकासः

### १) कृषि, सिचाई तथा पशुपन्छि विकासः

१) **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नाराका साथ गाउँपालिका क्षेत्रको कृषि सम्भाव्यता अध्ययन गरी माटो सुहाँउदो कृषि उत्पादन प्रवर्द्धन कृषिलाई व्यवसायिक, आधुनिक तथा प्रविधियुक्त बनाई यसको बजारिकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

२) **"कृषि पूर्वाधार, सुनिश्चित बजार"** भन्ने नारालाई आत्मासात गर्दै व्यवसायीक कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण गरिने स्थल सम्म कृषि सडक सञ्जाल, सिचाइ आयोजना, कृषि संकलन केन्द्र, दुग्ध संकलन केन्द्र र बजारिकरणका लागि प्रदेश सरकार र केन्द्र सरकार तथा विकास साझेदार निकायहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

३) कृषि उत्पादन नीति अवलम्बन गरी कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायसँगको साझेदारीमा कृषि क्षेत्रको विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ।

४) कृषिको लागि सिचाइ, भण्डारण र संकलन केन्द्रलाई सुधार एवम् विस्तार गर्नका लागि कृषि पकेट क्षेत्रमा अनिवार्यरुपमा कृषि सडक सञ्चालन गरिनेछ।

५) कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

६) **"एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक"** तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने कार्यको थालनि गरिने छ।

७) दुग्ध उत्पादनका लागि विशेष नीति अवलम्बन गरी व्यवसायीक पशुपालन तथा दुग्धजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ।

८) पशु नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ। पशु आहारका लागि घाँस खेतिको कार्यक्रम सञ्चालन गरिनेछ। पशु स्वास्थ्यका लागि औषधि उपचारको व्यवस्था गरिनेछ।

९) गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरि नियमन गरिनेछ।

१०) मासुजन्य व्यवसाय गर्ने व्यवसायीलाई स्वच्छ मासु विक्रि वितरणका लागि साझेदारीमा आधारित अनुदान कार्य लागु गरिने छ।

११) **"एक गाउँ एक कृषि तथा पशु प्राविधिक"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२) कृषि उत्पादन वृद्धिका लागि साना सिचाई आयोजनाहरुको निर्माण र मर्मतमा विशेष जोड दिइनेछ।

१३) युवाहरुको बढ्दो वैदेशिक पलायनलाइ निरूत्साहित गरिनेछ, यसका लागि कृषि क्षेत्रमा आकर्षण बढाउन लगानीमा आधारित अनुदान साझेदारीको व्यवस्था गर्ने नीति बनाई कार्यान्वयन गरिनेछ।

१४) कृषि उत्पादन, प्रदर्शनी मेला आयोजना गरिनेछ र उत्कृष्ट कृषकलाई पुरूस्कृत गर्ने व्यवस्था मिलाइने छ।

१५) भूगोल हावापानी सुँहाउदो जातको मौरीपालनलाई व्यवस्थित गर्न मौरी पालन समुह गठन गरी मौरी पालन व्यवसायलाई प्रवर्द्धन र विस्तार गरिनेछ।

१६) बाँफिकोट गाउँपालिका भित्र दर्ता नभएका व्यवसाय गर्ने व्यवसायीलाई कानुनि प्रक्रियामा ल्याई दर्ता प्रक्रियाका लागि आह्वान गरिनेछ। कालोबजारी, नियम कानुन विपरित व्यवसाय संचालन गर्ने व्यवसायीलाई कानुनि दायरमा ल्याइनेछ।

१७) सबै वडामा माटो र हावापानी अनुसार व्यवसायिक अन्न, फलफुल र तरकारी तथा मसलाबालिको सामुहिक रुपमा खेती प्रणालीको सुरुवात गर्न आवश्यक सिचाई, मल, बिउ, औषधि र खेतमै प्राविधिक जनशक्ति नियमित परिचालन गरिनेछ।

१८) सबै वडाका बासिन्दाहरुको रुचि अनुसार भैसी, गाई, बाखा, बंगुर, कुखुरा, हाँस लगायतका पशुपन्छि पालना सम्वन्धि तालिम प्रदान गरेर आवश्यक परेमा बैकं बाट सहुलियत व्याजदरमा ऋण उपलव्ध गराउन सहजिकरण गरिनेछ।

१९) कृषकहरुलाई सहज तरिकाले कृषि, खेतिपाति गरि आयार्जन गर्नका लागि पालिकाका क्षेत्रमा गरा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२०) जग्गा बाँझो राख्न नदिन जग्गाधनी, गाउपालिका र जग्गा खेति गर्न चाहने व्यक्तिको बिचमा लिज सम्झौता गरिनेछ। जग्गामा व्यवसायिक खेती गर्न प्रेरित गरि अनुदान रकम उपलव्ध गराइनेछ ।

२१) सहकारी बजारको स्थापना गरि किसान र उपभोक्तालाई उपयुक्त मुल्यमा किनबेच गर्ने व्यवस्था मिलाइनेछ ।

२२) बैदेशिक रोजगारबाट फर्किएकालाई कृषिमा आधारित उद्योग स्थापना गर्न उपयुक्त वातावरण तयार गरि आवश्यक पुर्वाधार बनाउन पहल गरिनेछ।

२३) सबै कृषकहरुलाई परिचय पत्रको व्यवस्था र सबै प्रकारका कृषि बालि र पशुपन्छिहरुको लागि बाली बिमा र पशु बिमा गराइनेछ।

२४) कृषि उत्पादनहरु पालिका बाहिर निकासी गर्न आवश्यक सहजिकरण गरिनेछ।

२५) बेरोजगार युवाहरुलाई कृषि उद्योग खोल्न सहजिकरण गरिनेछ।

२६) पालिकामा एकवटा कोल्डस्टोरको निर्माण गरि किसानले उत्पादन गरेका कृषि समाग्रीलाई लामो समयसम्म सुरक्षित तरिकाले भण्डारण गरि राखिने व्यवस्था मिलाईनेछ।

२७) सबै नाङ्गा डाँडापाखाहरुमा चिउरिको बिरुवा रोपण गरी मौरिपालन कार्यलाई व्यवसायिक उद्योगको रुपमा विकास गरिनेछ।

२८) किसान तथा गाउँपालिकाको साझेदारीमा विगतका बर्ष देखि सुरु गरिएका तरकारी पकेट क्षेत्र, फलफुल पकेट क्षेत्र, विभिन्न प्रकारका बिउ पकेट क्षेत्रको उत्पादन गर्न, मौसमी तथा बे-मौसमी तरकारी खेती तथा फलफुल खेती प्रर्वद्धन गर्न र आकस्मिक रुपमा आईपर्ने किरा तथा रोगको प्रकोप नियन्त्रण गर्ने जस्ता क्रियाकलापहरुका लागी आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

२९) कृषि उपज बजारीकरण गर्नको लागि सरोकारवाला निकायसँग सहकार्य तथा समन्वय गरि पायक पर्ने स्थानमा हाट बजार संचालनमा ल्याउनुका साथै कृषि एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।

३०) उच्च पहाडि क्षेत्रमा आलु खेति पकेट क्षेत्र घोषणा गरि आलु खेतिको प्रर्वद्धन गरिनेछ।

३१) किसानहरुको सुविधाको लागी सल्लाह परामर्श तथा रोग किरा उपचारको लागि स्थलगत घुम्ती शिविर संचालन गर्नको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

३२) कुखुरा तथा बाख्रा पालनमा आवद्ध कृषकहरुलाई प्रोत्साहन गरि व्यावसायिक रुपमा स्तरोउन्नति गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३३) पशु पन्छिमा लाग्ने रोगको उपचारको लागि औषधि खरिद तथा खोप भण्डारण व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

३४) अदुवा, बेसार, र मकै बीउको व्यवसायिक उत्पादनको माध्यमबाट कृषकको आय आर्जनमा वृद्धि गरिनेछ।

३५) पर्यटकलाई आकर्षण गर्न केरा, सुन्तला, फलफुल, भैसी पालनबाट खुवा, कुराउनी, घिउ तथा माछा प्रर्वद्धनमा जोड दिइनेछ।

३६) कृषि भ्रमण दिवसीय कार्यक्रम अन्तर्गत कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम ल्याइनेछ। कृषि समुहलाई सहकारीमा परिणत गरि सामुहिक खेती र व्यवसाय गर्न अभिप्रेरित गरिनेछ।

३७) पालिकालाई खाद्यान्न, तरकारी, दुध, मासु, अण्डा आदिमा आत्मानिर्भर बनाइनेछ।

३८) कृषि तथा पशुपन्छि जन्य उत्पादनमा आधारित अनुदान कार्यक्रम अति प्रभावकारी भएको साथै वास्तविक किसानले मात्र अनुदान प्राप्त गर्ने भएकाले कार्यविधिलाई थप संसोधन गरि कार्यक्रमलाई निरन्तरता दिनुका साथै कृषिमा आधारित उद्योग स्थापनामा समेत विशेष जोड दिइनेछ।

३९) घाँसपातको लागि भिरालो ठाउमा गएर काट्ने गर्दा ज्यान नै जोखिममा परेको अवस्थालाई मध्यनजर गर्दै घाँस प्रर्वद्धन र डाले घाँस रोपणमा जोड दिइनेछ।

४०) संचालित कुलोहरुको नियमित मर्मत सम्भार गरिने र सिचाई नपुगेको ठाउमा नयाँ कुलोहरु निर्माण गरिनेछ।

४१) एक वडा **"एक तरकारी तथा फलफुल नर्सरी स्थापना तथा संचालन"** गरिने र सम्भव हुने स्थानमा सिचाई पोखरी निर्माणमा समेत जोड दिइनेछ।

४२) आधुनिक कृषि औजारहरुको प्रयोगमा जोड दिइनेछ। कृषिमा यान्त्रीकिकरण, आधुनिकिकरण, व्यवसायिकरण, र रोजगार मैत्री खेतीपातीमा जोड दिदै कृषकलाई कृषि बिमामा समेटिनेछ।

४३) रैथाने विउबिजन संरक्षण र प्रवर्द्धन गर्नुका साथै पालिकामा उत्कृष्ट रैथाने बालि उत्पादक किसानलाई सम्मान गरिनेछ।

४४) एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

४५) कृषकहरुलाई निशुल्क बिउबिजन र किटनाशक औषधी वितरण गरिनेछ।

४६) भकारो सुधार र कम्पोष्ट मल उत्पादन गरि अर्गानिक कृषि उत्पादनलाई जोड दिइनेछ।

## २. उद्योग वाणिज्य तथा व्यापारः

यस गाउँपालिकाको उद्योग क्षेत्रमा न्यून लगानि रहेकाले प्राप्त श्रोत साधनको समुचित प्रयोग गरि राष्ट्रिय औद्योगिक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिनेछः

१) साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यवसायीक सीपमुलक तालिमहरुको व्यवस्था यसै वर्ष देखी सुरु गरिनेछ।

२) औद्योगिक ग्राम स्थापनाको कार्यलाई सञ्चालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ।

३) नयाँ लघु उद्यमी सिर्जना गर्ने पूर्नताजागी सीप विकास तालिम संचालन गर्ने र प्रविधि हस्तान्तरण गर्ने जस्ता कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरिनेछ। प्रदेश तथा संघ सरकारसँगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४) परम्परागत उद्योगहरुको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

५) गाउँपालिकास्तरीय औद्योगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा नीजि, सार्वजनिक लगानीलाई आकर्षण गर्नुका साथै संरक्षणको व्यवस्था मिलाईने छ।

६) स्थानीय स्रोत साधन, सीप, कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तै पहाडि कागज, कापी, बिउ प्रशोधन, गार्मेन्ट, फर्निचर, राडिपाखि, चप्पल,

जुता, ग्रिल, साबुन, अचार, बाँसकोचोया, फलामे औजार निर्माण सम्वन्धि तालिम दिइ उद्योग स्थापना तथा संचालन गर्न आवश्यक सहयोग गरिनेछ।

७) लघु, घरेलु तथा साना उद्योगहरुको सहज रुपमा दर्ता , नवीकरण, खारेजी, नियमन, संचालन तथा व्यवस्थापनमा सहयोग गरिनेछ।

८) उद्योग संचालन तथा स्थापनाको लागि बैंक र सहकारी मार्फत सहुलियत व्याजदरमा ऋणको व्यवस्था गरिनेछ।

९) वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिई उद्योग स्थापनामा सहयोग गरिनेछ।

१०) अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको क्षमता अनुसारको तालिम दिई रोजगार बनाईनेछ।

११) उद्यमशिलता प्रर्वद्धनको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ।

१२) महिला, दलित समुदाय, अपाङ्ग, उत्पिडित जनजाति लगायतका आर्थक हिसाबले पछाडि परेका समुदायलाई सिलाई, बुनाई, कपडा गार्मेन्ट, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, नेपाली कागज उद्योग जस्ता साना उद्योग स्थापनामा जोड दिने नीति अवलम्बन गरिनेछ।

१३) बजारमा कालो बजारी, एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना उपभोक्ता हित विपरितका कार्य हुन नदिन नियमित अनुगमन गरिनेछ।

१४) उपभोक्ताको स्वास्थ्यलाई ख्याल गर्दै म्याद नाघेका खाद्य तथा पेय पदार्थको बिक्रि बितरणलाई रोक्न नियमित बजार अनुगमन गरि त्यस्ता सामान बिक्रि वितरण गर्ने व्यवसायीलाई कानुन बमोजिम कार्वाहि गरिनेछ र त्यस्ता म्याद नाघेका वस्तुलाई नष्ट गरिनेछ।

१५) पालिकास्तरीय गलैंचा उद्योगलाई सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिनेछ।

## ३) साहित्य, संस्कृति तथा पर्यटन प्रवर्द्धनः

यस गाउँपालिका भित्र रहेका रमणीय पर्यटकीय स्थलहरु, धार्मिक स्थलहरु, जैविक विविधताले भरिपूर्ण वनजंगलहरु, ऐतिहासिक स्थलहरु, खनिज सम्पदाहरु, भेषभुषा, भाषा तथा संस्कृति, रहन-सहन तथा वातावरणीय विविधता, स्थानीय उत्पादन जस्ता कुराहरुलाई मध्य नजर गर्दै यी सम्पदाहरुको समुचित सदुपयोग, सम्वर्द्धन तथा प्रर्वद्धन गर्दै निम्न आय भएका अति गरिब र विपन्न परिवारहरुको जीवनस्तर माथि उठाउन निम्न नीतिहरु अवलम्बन गरिनेछ।

१) यस गाउँपालिका भित्र रहेका विभिन्न जातजातिहरुको मौलिक संस्कृति, भाषा, भेषभुषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका साथै वाजा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ।

२) गाउँपालिका भित्र रहेका सबै मठमन्दिरहरुलाई व्यवस्थित गरिनेछ। मन्दिरहरुको संरक्षण मर्मत संभारमा निरन्तरता दिइने छ।

३) यहाँका पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार, होटल लगायतका पर्यटन पूर्वाधारहरुको विकास गरि आन्तरिक र वाह्य पर्यटनलाई प्रर्वद्धन गरिनेछ।

४) प्यारागलाईडिङको सम्भाव्यता अध्ययनका गरि आधुनिक पर्यटकीय पूर्वाधार विकासको लागि आवश्यक समन्यव गरिनेछ।

५) पालिकाका प्रमुख पर्यटकिय पूर्वाधारहरुको पहिचान गरि निर्माण सुधार गरिनेछ। पर्यटकिय स्थल स्यार्पु तालको सौन्दर्य जोगाउन रेलिङ सहितको पैदल मार्गको लागि पहल गर्नुका साथै स्यार्पुताल देखि दुदिलाचौर सम्म

केबलकार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने र स्यार्पुको माटोलाई व्यवस्थापन गरिनेछ।

६) पर्यटकहरुको सुविधाको लागि होटेल, होमस्टे, जलयात्रा, पदमार्ग सुधार, पथ प्रदशक तालिम, पर्यटन मेला आदि कार्यमा पालिकाले गर्नुपर्ने आवश्यक कार्य अघि बढाइनेछ।

७) पालिका भित्रका सबै पर्यटकीय क्षेत्रको बिकास बिस्तार गरिनेछ।

८) पर्या पर्यटन र कृषि पर्यटनको माध्यमबाट पालिकालाई पर्यटनको केन्द्र बनाइनेछ ।

९) स्वदेश र बिदेशमा रहनु भएका सम्पुर्ण महानुभावहरुको सहभागितामा पालिकाको पर्यटकीय विकासका लागि पर्यटकीय मेला महोत्सव आयोजना गरिनेछ।

१०) पालिका भित्र नाचिने नाच र गाईने गीत संगीत प्रथा परम्पराको संरक्षण र सम्वर्द्धन गरिनेछ।

१२) स्थानीय कवि, कलाकार, मुर्तिकारको कृति प्रकाशन र प्रदशनीमा सहयोग गरिनेछ र त्यस्ता सिप तथा पेसा भएका व्यक्तिलाई सम्मान गरिनेछ।

१३) स्थानीय मेलालाई पर्यटकीय मेलामा परिणत गरिनेछ।

१४) स्थानीय परिकार र अर्गानिक वस्तुको प्रर्वद्धन गरि स्थानीय तथा अर्गानिक वस्तुको प्रयोगमा जोड दिईनेछ।

१५) साहित्यको विकासको लागि प्रकाशित कृतिको मूल्याङ्कन गरि पालिकाले बार्षिक रुपमा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१६) बर्षको एक पटक साहित्य सम्मेलनको आयोजना गर्ने व्यवस्था गरिनेछ।

१७) प्रत्येक वडामा एकवटा व्यवस्थित बगैंचा वा शहिद स्मृति पार्क निर्माणको लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

१८) धार्मिक स्थलहरु मठ मन्दिरको संरक्षणका लागि विभिन्न मन्दिरमा बिश्राम स्थलको व्यवस्था तथा वसोबासको लागि आवश्यक पुर्वाधारको व्यवस्था गरिनेछ।

१९) स्यार्पू दह, तार्सुकाँडा, मेलगैरी, झारमारे, थुमालेख, थामालेक, गुप्तीदह, भेरिखोला जारकाटे, पाथिफेरेलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ।

२०) भम्पु चौरलाई **Picnic Point** स्थापनाको रुपमा विकास गरिनेछ।

२१) अन्य पर्यटकीय क्षेत्रको खोज अनुसन्धान गरि त्यस्ता पर्यटकीय क्षेत्रको विकासको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ।

२२) माघे संक्रान्तिको अवसरमा मनाइने जनजाति मेलालाई व्यवस्थित गरिनेछ।

२३) पर्यटन, प्रर्वद्धन तथा विकासको लागि साझेदारी नीति अवलम्बन गरिनेछ।

२४) यस बाँफिकोट गाउँपालिकाबाट पर्वातारोहन तथा पर्यटन क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गरिनेछ।

## ४) वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः

१) प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ।

२) धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार-प्रसारमा पहल गरिनेछ।

३) सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराईनेछ।

४) योजना छनोट तथा संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्री र वातावरणीय बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५) उद्योग सञ्चालनका लागि वातावरणीय पक्षलाई ध्यान दिइनेछ र स्थापित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ।

६) यस बाँफिकोट गाउँपालिका अन्तर्गत रहेका सिउँडेनि, मारपुजा, सल्लेरी, गोब्रेनी सामुदायिक वन लगायतका पालिका भित्र रहेका अन्य वनहरुमा समेत वृक्षारोपण गरि हराभरा वन बनाउने कार्यक्रमको थालनि गरिनेछ।

७) प्राकृतिक मुल संरक्षण तथा नदिनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ।

८) राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकीकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाइनेछ।

९) राष्ट्रिय वन, सामुदायिक वन लगायतका विभिन्न वनहरुको सिमा नक्साङ्कन गरि सिमा छुट्ट्याउनुका साथै जिल्ला वन कार्यालयमा दर्ता नभएका वनहरु दर्ता गर्नका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

१०) अतिक्रमण भएका वनहरुलाई जिल्ला वन कार्यालय सँग समन्वय गरि अतिक्रमण गर्ने व्यक्ति, समुदाय, टोल वा जोसुकै लाई आवश्यक कार्वाही अगाडि बढाउनुका साथै उक्त अतिक्रमण गरिएको वनको वास्तविक सिमा विस्तार गरिनेछ।

१०) सामुदायिक वनहरुको उपभोक्ता समितिहरु मार्फत संरक्षण, संवर्द्धन गर्ने र कवुलियति वनबाट कम आय भएका व्यक्तिहरुका लागि आयआर्जनका कार्यक्रम संचालन गरिनेछ।

११) सामुदायिक वनहरुको आय र अनुगमन स्थानीय सरकार ऐन अनुसार व्यवस्थित गरिनेछ।

१२) वृक्षारोपण, जलाधार संरक्षण, विपद जोखिम नक्साङ्कन गर्ने जस्ता कार्यलाई विषेश जोड दिईनेछ।

१३) स्थानीय स्तरमा भएका विभिन्न स्रोतहरु जस्तैः काठ, ढुङ्गालाई संघीय सरकार तथा प्रदेश सरकारको नीति अनुसार वातावरणलाई हानि नपर्ने गरि उपयोग गर्ने व्यवस्था मिलाईनेछ।

१४) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद् व्यवस्थापन समितिहरुलाई क्रियाशिल बनाई तत्काल सहयोग गर्ने गरि मानवीय स्रोत र विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपदमा परेका नागरिकलाई तत्काल सहयोग उपलब्ध गराउन आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

१५) जलवायु अनुकुलन योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ।

१६) आपतकालीन केन्द्र स्थापना तथा स्वयंसेवकहरु तयार गरि परिचालन तथा संचालनमा ल्याइनेछ।

१७) भौगोलिक जोखिमपूर्ण वस्तीहरुको स्थानान्तरण गर्न व्यवस्थित बस्ति विकास कार्यक्रम संचालन गरिनेछ।

१८) सानिभेरी नदीले पालिका भित्र कटान गरेका कुनाखेत, लामातरा डुब्का राजिखेत गाराघाट, भेराखेत, जग्रा भाग्ले, बालुवाचौर, बोजेरी लगायतका ठाउँमा तटबन्धन निर्माण गरि बस्ति बचाइनुका साथै आवश्यक व्यवस्थापन गरिनेछ।

१९) **"एक गाउँ एक नर्सरी"** र **"एक घर दश फलफुल बिरुवा"** कार्यक्रम लागु गरिनेछ।

२०) हाइटेक नर्सरी सञ्चालनको लागि जिल्ला वन कार्यालयसँग आवश्यक समन्वय गरि अगाडि बढाईनेछ।
२१) यस पालिका क्षेत्र भित्र रहेका पसलहरुले अनिवार्यरुपमा मूल्यसुचि टाँस गर्ने नीति अवलम्बन गरि अनिवार्य कार्यान्वयन गरिनेछ।

## ५) सहकारीः

यस गाउँपालिकालाई सहकारी मैत्री गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक रहेको र गाउँमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी बेरोजगार महिला तथा युवाहरुलाई रोजगारी सिर्जना गर्दै देशविकासको मूल धारमा ल्याउन आवश्यक रहेकाले देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिएको छः

१) **"एक घर एक सहकारी सदस्य"** नीतिलाई अवलम्बन गरिनेछ।
२) सहकारी नीति अन्तर्गत सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।
३) साना बचत तथा आय-आर्जन, कुटिर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाईनेछ।
४) यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा व्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ।
५) सहकारी क्षेत्रको विकासको लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ।
६) सहकारीलाई प्रवर्द्धन तथा विकासका लागि यस गाउँपालिकामा छुट्टै शाखा खोली कर्मचारीहरुलाई व्यवस्थापन गरिनेछ।

७) सहकारी मार्फत यस गाउँपालिकाको आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीलाई एकीकृत गर्दै पूँजी विस्तार परिचालनमा जोड दिइनेछ।

८) गाउँपालिका भित्रका कृषि तथा पशु समुहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

९) सहकारी सुपथ मूल्यमा सहकारी पसल संचालन गरिनेछ ।

१०) सहकारीको दर्ता, नविकरण, खारेजी, अनुगमन, नियमनलाई सरल, सहज, छिटोछरितो र प्रभावकारी बनाइनेछ।

११) कृषि, श्रम सहकारीहरु मार्फत उत्पादन, विकास निर्माण लगायतका कामहरु गर्न आवश्यक सहकार्य गरिनेछ ।

१२) श्रम बैंकको स्थापना गरि युवाहरुलाई रोजगारिको सुनिश्चितता गरिनेछ।

१३) सहकारी व्यवस्थापन र संचालनको लागि तालिम र अध्यन भ्रमण संचालन गरिनेछ।

१४) सहकारी मार्फत उद्योग स्थापनामा जोड दिइनेछ।

१५) सहकारीको माध्यमबाट पुंजीको विकास गरि उत्पादनमा लगाउने र रोजगार सृजना गरिनेछ।

१६) सहकारी मार्फत महिलाहरुको क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न सहकारी, आमा समुह लगायत समुहहरुलाई लेखा व्यवस्थापन लगायतका विभिन्न तालिमहरु सञ्चालन गर्नका लागि आवश्यक पहल एवम् बजेट व्यवस्थापन गरिनेछ।

## ख) <u>सामाजिक क्षेत्रः</u>

### १) शिक्षाः

विद्यालय शिक्षाको "**दृष्टिकोण समाजबाद उन्मुख सामाजिक न्यायमा आधारित समृद्ध पालिका निर्माणका लागि सक्षम प्रतिस्पर्धी नागरिक विकास**" गरी बाँफिकोट गाउँपालिकाको शिक्षा नीति तयार गरिएको छ। बाँफिकोट गाउँपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्न देहाय अनुसारका नीतिहरु अवलम्बन गरिनेछः

१) सामुदायिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गरी गुणस्तरीय, व्यवहारिक,वैज्ञानिक, जिवनउपयोगी र समन्यायिक शिक्षा पद्धतिको सुनिश्चतता गरिनेछ।

२) राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सृजित ज्ञान तथा सीपलाई स्थानीय आवश्यकता अनुरुप परिमार्जित गरी (**Thinking globally act locally**) नीति अवलम्वन गरि स्थानीय आवश्यकतामा आधारित स्थानिय पाठयक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३)उच्च शिक्षा एवम् प्राविधिक शिक्षा अध्ययनका लागि शहिदका छोराछोरी, घाइते अपाङ्गका वेपत्ताजनका छोराछोरी, जेहेनदार, विपन्न, गरिब, अल्पसङ्ख्यक, दलित, जनजाति एवम् पिछडिएका समुदायबाट उत्कृष्ट हुने विद्यार्थीका लागि पालिकाले आवश्यक रकम छुट्टयाई सहुलियत रुपमा अध्ययन गर्नका लागि बजेटको व्यवस्था गरिनेछ।

४) शिक्षाबाट बञ्चित हुन नदिन विशेष कार्यक्रम संचालन गरिनेछ। **"बालबालिकालाई विद्यालय ल्याऔं , टिकाऔं र सिकाउ "** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५) विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभुति गरिनेछ।

६) विद्यार्थीको चौतर्फी विकासको लागि शैक्षिक कार्यक्रमका साथसाथै अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गरिनेछ। **"एक विद्यालय एक खेलकुद**

**शिक्षक"** को क्रमशः व्यवस्थापनलाई निरन्तरता दिइनेछ। विद्यालयस्तरीय, अन्तर विद्यालय तथा गाउँपालिका स्तरीय प्रतिस्पर्धात्मक "**पालिका अध्यक्ष कप**" खेलकुद कार्यक्रम प्रवर्द्धन गरिनेछ।

७)शैक्षिक नेतृत्वको पेशागत तथा नेतृत्व क्षमता विकास गरिनेछ। विद्यालयका **प्रधानध्यापकहरु सँग कार्यसम्पादन सम्झौता गरि** विद्यार्थी, अभिभावक, तथा स्थानीय सरकार प्रति उतरदायि बनाइनेछ।

८) शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्थापन गरिनेछ। शिक्षकहरुको **कार्यसम्मादनको मुल्याकंन गरि उत्कृष्ट शिक्षकहरुलाई पुरुस्कार** सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

९) विद्यार्थीको उपलब्धीलाई शिक्षकको कार्यसम्पादन सँग प्रत्यक्ष आवद्धता गरिनेछ। कार्यसम्पादनलाइ पुरस्कार र दण्डमा आधारित बनाइ शैक्षिक उपलब्धि तथा गुणस्तर कमजोर हुने विद्यालयलाई उचित उपचारात्मक शिक्षण पद्धतिको व्यवस्था गरिनेछ।

१०) विद्यालयको विस्तृत प्रोफाईल तयार गरिनेछ। प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सुक्ष्म चिरफार गरी विद्यालयको आवश्यकता परिपूर्तिका लागि उचित रणनीति तयार गरिनेछ।

११) शैक्षिक गुणस्तर सुनिश्चतताको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गरिनेछ। पूर्वाधार निर्माण गर्दा **बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री** बनाइने नीति लिइनेछ।

१२) कक्षा सञ्चालनको लागि मापदण्ड पुरा भई अर्को शैक्षिक शत्रमा मापदण्ड पुरा गर्न नसकेमा मापदण्ड पुरा भएको विद्यालयमा व्यवस्थापन गरिनेछ र यसका साथै विद्यार्थी संख्याको आधारमा पालिकास्तरीय **शिक्षक दरबन्दी मिलान** कार्यलाई निरन्तरता दिइनेछ।

१३) विद्यालयमा लागु **औषध, प्राकृतिक प्रकोप, महामारी र सामाजिक विकृति** आदिबारे सचेतना अभियान संचालन गरिनेछ।

१४) पिछडिएको जातजाति, दलित, आदिवासी जनजाती गरिब तथा गरिब समुदायबाट (SEE)मा **सर्वोत्कृष्ट अंक प्राप्त गर्ने छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको** व्यवस्था गरिनेछ।

१५) पालिकाले प्राविधिक शिक्षामा जोड दिने नीति लिनेछ। पालिकाभित्र प्राविधिक विद्यालय सञ्चालन तथा तिनीहरुको क्षमता सुधार तथा गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ।

१६) बालकक्षाका शिक्षकहरुको क्षमता विकास गरी बालकक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ। छनौट गरिएको बालकक्षाका वालविकासहजकर्तालाई प्रोत्साहन निरन्तरता दिइनेछ।

१७) गाउँपालिका क्षेत्रमा विज्ञान तथा प्रविधियुक्त शिक्षाको प्रर्वद्धन गर्न तथा विज्ञान शिक्षा प्रति रुचि जगाउन पालिकास्तरीय **विज्ञान प्रदर्शनी आयोजना** गरिनेछ। उक्त प्रदर्शनीमा उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिनेछ।

१८) विद्यार्थी मूल्याकंनलाई प्रभावकारी बनाईनेछ। शैक्षिक सुधारको लागि **निर्माणात्मक मूल्याङ्कनमा र निरन्तर विद्यार्थी मुल्यांकनलाइ** जोड दिइनेछ। विद्यार्थीको हरेक प्रस्तुति अभिभावक समक्ष पुऱ्याउने र सुधारका लागि अन्तर्क्रियात्मक कार्यक्रमको व्यवस्था गरिनेछ।

१९) पालिकस्तरीय शैक्षिक कार्यतालिका निर्माण गरी पालिकास्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ।

२०) पालीकास्तरीय शैक्षिक गतिविधिको सुपरिवेक्षण, अवलोकन तथा मूल्याकंनलाई प्रभावकारी बनाइनेछ।

२१) प्राथमिक कक्षाका विद्यार्थीहरुलाई उचित खाजाको व्यवस्थापन गर्नका लागि विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गरी **बाँफिकोट ब्राण्डको चना, भटमास र केराउ जस्ता अर्गानिक खाजाको** व्यवस्था गरिनेछ। यसका साथै विद्यालयलाई जंक फुड निषेधित गर्न **विद्यालय पोषण बगैचा निर्माण** गरिनेछ।

२२) यस पालिकाको कुनै एउटा विद्यालयमा मन्टेश्वरी विधिका साथै अंग्रेजी माध्यममा निःशुल्क पठनपाठन गर्नका लागि आवश्यक नीति लिइनेछ। यसका साथै सबै आधारभुत सामुदायिक विद्यालयहरुमा उक्त कार्यक्रमलाई क्रमश निरन्तरता दिनका लागि आवश्यक पहल गरिनेछ।

२३) सबै विद्यालयहरुमा अंग्रेजी, गणित, विज्ञान र नेपाली विषयको पठन पाठनको लागि विषयगत शिक्षकको व्यवस्था गरी **गणित र विज्ञानलाइ समेत अंग्रेजी** माध्यम बाट अध्यापन गराउदै विद्यार्थीहरुको पढाईको गुणस्तर सुधारका लागि राम्रो अंक ल्याउनमा जोड दिइनेछ।

२४)शिक्षामा क्रमशः ICT प्रयोगको सुनिश्चतता गरिनेछ। विद्यालयहरुलाई विद्युतिय सञ्चारको नेटवर्कमा जोडी विद्यालयहरु बीच र शिक्षा युवा तथा खेलकुद शाखा बीचको अन्तरक्रियालाई सुदृढ गरिनेछ। गाउँपालिका भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ।

२५) विद्यालयहरुको भवन, साइन्स ल्याब, कम्प्युटर ल्याव, पुस्तकालय, खेलकुद मैदान, तारबार, शौचालय र खानेपानी निर्माणमा जोड दिइनेछ।

२६) विद्यालयहरुमा पूर्वाधार निर्माण, वाल उद्यान निर्माण तथा जिर्ण भवन तथा संरचनाहरुको मर्मत संभारलाई विशेष ध्यान दिइनेछ।

२७) तोकिएको भन्दा कम **भौगोलिक दुरी भित्र रहेका, विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई** एकीकरण गर्ने नीति लिइनेछ।

२८) तहगत रुपमा **उत्कृष्ट शिक्षक तथा विद्यार्थिलाइ पुरस्कृत तथा सम्मान** गर्ने नीति लिइने छ।

२९) हरित विद्यालयलाइ प्रोत्साहन गर्न **एक विद्यार्थी एक विरुवा एक विद्यालय एक बगैंचा कार्यक्रम** सन्चालन गरिनेछ।

३०) प्रत्येक विद्यालयको न्युनतम सिकाइ उपलब्धि सुनिश्चित गरी **एक वडा एक नमुना विद्यालय घोषणा** कार्यक्रम लागु गरिनेछ।

३१) बाल कक्षाको लागि बालविकास सेवा विस्तार गरिनेछ।

३२) प्रत्येक विद्यालयमा प्राथमिक उपचारको व्यवस्था गरिनेछ।

३३) गाउँपालिका भित्र खरिद हुने सम्पूर्ण ICT उपकरण लगायतका सामाग्रीको गुणस्तर परीक्षण एवम् सामाग्री खरिद गर्नका लागि Specification तयारको प्रक्रिया देखि गुणस्तर परिक्षण सम्मका लागि सूचना प्रविधि सम्बन्धि कुशल ज्ञान भएको विशेषज्ञ कर्मचारीहरुलाई जिम्मेवारी दिने व्यवस्था मिलाईनेछ।

३४) पालिकास्तरीय कक्षा ८ को नतिजा प्रकाशनगर्नका लागि Web Based System (Website) बाट लब्धाङ्क पत्र (Mark-Sheet) सहितको नतिजा हेर्ने प्रणाली विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरि उक्त कार्यक्रम कार्यान्वयन गरिनेछ।

३५) बाँफिकोट गाउँपालिकामा सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुमा दलित विद्यार्थीहरुलाई उच्च तहको शिक्षा हासिल गर्नका लागि निःशुल्क पठनपाठन गर्नको लागि व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

## २. स्वास्थ्यः

१) गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ।

२) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य स्वयम् सेविकाहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै उत्कृष्ट स्वास्थ्य स्वयंम सेविकालाई पुरष्कार सहित सम्मान गरिनेछ।

३) विभिन्न समयमा विश्वव्यापि रुपमा फैलिरहेका विभिन्न प्रकोपजन्य माहामारी नियन्त्रणका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४) ध्रुमपान, मध्यपान, लागुपदार्थ दुर्व्यसनी नियन्त्रणको लागि स्थानीय संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

५) सबै स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्तरवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६)नियमित खोप सेवाबाट पहुँच नरहेका लक्षित समुहका बालावालिकाहरुलाई पहुँचमा ल्याई ड्रप आउट भएकाहरुको घरधुरी सर्वेक्षण मार्फत खोजी गरी खोप लगाउन छुटेका बालबालिकालाई खोप पुरा गरी पुर्ण खोप पालिका सुनिश्चित गरिनेछ।

७) गाउँपालिकाक्षेत्र भित्रका महिलाका लागि विशेष मातृ शिशु स्याहार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्नुका साथै बर्थिङ सेन्टर सुधार गरि संस्थागत सुत्केरी **(No Home Delivery)** गराउने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

८) स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरी पूर्वाधार निर्माण समेत गरिनेछ।

९) पालिकास्तरीय अस्तपतालको कार्य सम्पन्न गरि छिट्टै सेवा प्रवाहको लागि पहल गरिनेछ। सो कार्यको लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाको सहयोग समेत लिइनेछ।

१०) आफ्नो भवन नभएका र जिर्ण भवनबाट सेवा संचालन गरीरहेका स्वास्थ्य संस्थाहरुको भवन निर्माण र मर्मत सम्भार गरी संचालनमा ल्याइनेछ।

११) स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न घुम्ति स्वास्थ्य सेवा शिविर संचालन गरिनेछ।

१२) कुपोषण भएका बच्चाहरुको पहिचान गरि निःशुल्क उपचारको व्यवस्था गरिनेछ।

१३) अति विपन्न र उपचार बाट बञ्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइनेछ।

१४) किशोर किशोरीहरुका लागि प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा सम्बन्धिका कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वन गरिनेछ।

१५) हजार दिनका आमाहरुसँग **"उपाध्यक्षको कोशेली कार्यक्रम"** लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१६) निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ।

१७)**"स्वास्थ्य जिवनको लागि योग"** भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिनेछ।

१८) स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारि बनाउन आवश्यक जनचेतना अभिवृद्धि गरिनेछ।

१९) प्रत्येक स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्यको थालनी गरिनेछ।

२०) आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा थप स्वास्थ्यकर्मी भर्ना गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

२१) पोषण स्वास्थ्य सुधारका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारीका साथ संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२)दलित विपन्न लाई निःशुल्क स्वास्थ्य बिमा, स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, औषधि, उपकरण, भवनको व्यवस्था गरिनेछ।

२३)सबै वडाहरुमा रहेका जेष्ठ नागरिकहरुलाई घरघरमा गई स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२४) दिर्घ र अशक्त रोगीहरुलाई औषधि उपचार सहयोग उपलव्ध गराइनेछ।

२५) सबै वडाहरुलाई पुर्णसरसफाई युक्त वडा घोषणा गरिनेछ।

२६) पालिकामा आयुबेर्द उपचार केन्द्र र जडिबुटी प्रवद्धर्नको योजना संचालन गरिनेछ।

२७) आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाई प्राथमिक स्वास्थ्य उपचार केन्द्र सम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२८) क्यान्सर, मृगौला रोगी, मुटू रोगी, स्पाइनल इन्जुरी लगायतका दिर्घरोगीहरुलाई पहिचान गरि राहतको व्यवस्था गरिनेछ।

२९) पालिकास्तरको अस्पतालमा MBBS डाक्टरको व्यवस्था गरी उपचार प्रणालीमा सुधार गरिनेछ।

३०) बालबालीकालाई प्रदान गरिने संघीय शर्सत अनुदान अन्तर्गतको बालपोषण भत्ता सम्बन्धित बालबालिको पोषणमा खर्च भए नभएको यकिन गर्न र बालपोषण भत्ता प्रदान गर्नका लागि अनिवार्य रुपमा खोप लगाएको र तौल जाँच गराएको स्वास्थ्य संस्थाको आधिकारिक प्रमाण पत्र पेश गर्नुपर्नेछ अन्यथा उक्त रकम रोक्का गरि संघीय सरकारलाई नै फिर्ता गरिनेछ।

३१)स्वास्थ्य आमा समुहरुलाई थप प्रभावकारी र व्यवस्थित बनाई स्वास्थ्य शिक्षा प्रदान गरिनेछ।

३२) विपन्न तथा असहाय नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनका आवश्यक नीति अवलम्वन गरिनेछ।

## ३) खानेपानी सरफाई तथा स्वच्छताः

१) खानेपानीको योजना निर्माण गर्दा मूललाई जलस्रोत ऐन अनुसार दर्ता गरिने नीति लिइनेछ।

२) खानेपानीको योजना निर्माण गर्दा अनिवार्य रुपमा मर्मत सम्भार कोषको स्थापना गर्नुका साथै पानीका मूल, मुहान र स्रोतलाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३) आ.व. २०८०।०८१ मा खानेपानी सरसफाई तथा स्वच्छता योजना **(Water Sanitation and Hygiene) WASH Plan** निर्माण गर्ने कार्यलाई निरन्तरता दिई सोही आ.व.को पहिलो त्रैमासिक भित्र उक्त कार्य सम्पन्न गरिनेछ। उक्त कार्य गर्नका लागि आवश्यक पर्ने बजेट समेत व्यवस्थापन गरिनेछ।

४) स्वच्छ पिउने पानी व्यवस्थाका लागि **"मुहान देखी मुख सम्म सरसफाई कार्यक्रम"** बनाई कार्यान्वयन गरिनेछ।

५) विभिन्न सामाजिक संस्थाहरु सँग सहकार्य गरी विभिन्न आयोजनाहरुलाई निरन्तरता दिइनेछ।

६) **"एक घर एक धारा"** बाट स्वच्छ र सफा खानेपानी उपलव्ध गराउन विशेष कार्यक्रम संचालन गरिनेछ।

७) खानेपानी योजनाको नियमित मर्मत सुधारमा जोड दिइनेछ ।

८) बेरोजगार युवाहरुलाई खानेपानीको संरक्षण निर्माण र प्लम्बिङ सम्बन्धि तालिम प्रदान गरि योजना निर्माण र संचालनमा लगाइनेछ ।

९) मुहान तल भएका वस्तीहरुमा लिफ्ट वा सोलार सिस्टमबाट खानेपानी पुऱ्याइनेछ ।

१०) सबै वडालाई पुर्ण सरसफाईका सुचकहरु पुरा गराई पालिकालाई नै पुर्ण सरसफाई युक्त पालिका घोषणा गर्नको लागि आधुनिक जुठ्यानको समेत व्यवस्थापन गरिनेछ।

११) बजार क्षेत्रमा उत्पादन हुने फोहोरजन्य वस्तुहरुको न्युनिकरण गरि उचित व्यवस्थापन गर्नका लागि पालिकास्तरीय सरसफाई कार्यक्रम गरिनेछ।

१२) विद्यालयहरुलाई वातावरण शिक्षाका माध्यमबाट आफ्ना कार्यक्षेत्रमा बातावरण सुधार कार्यक्रम संचालन र नियमित अनुगमन गर्न परिचालन गरिनेछ ।

१३) बजार क्षेत्रमा सहरी सुविधायुक्त शौचालयहरु निर्माण गरिनेछ ।

२७) प्लाष्टिक जन्य सामग्रीको प्रयोगलाई बिस्तारै कम गरि क्रमश रुपमा शुन्यमा झारी पालिकालाई **No Plastic Zone** घोषणा गरिनेछ।

## ४. फोहोरमैला व्यवस्थापन

१) यसै वर्षदेखी गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ।

२) फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ साइडको व्यवस्थापन गरिनेछ।

३) प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गरिनेछ।

४) यस गाउँपालिका क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त क्षेत्र बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ।

५) विभिन्न कारणले मरेका जिवजन्तुको सिनो व्यवस्थापन गर्न र जनचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ। साथै पशुपालकहरुले पालेका पशुहरु मरेमा तिनको व्यवस्थापन गर्ने जिम्मा स्वयम् पशुपालककै हुने भएकाले जथाभावी मरेका पशुहरु फालेमा वा दुर्गन्ध फैलाएमा फोहोरमैला ऐन अन्तर्गत निजहरुलाई कार्वाही गर्ने नीति अवलम्बन गरिनेछ।

६) पालिका अन्तर्गत रहेका सम्पूर्ण पसलहरुले अनिवार्य रुपमा फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

७) पर्यटकीय स्थल तथा सार्वजनिकस्थल लगायतका सार्वजनिक सरोकार राख्ने ठाउँहरुमा पलाष्टिकजन्य तथा शिसाजन्य फोहोरमैला व्यवस्थापनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

८) जथाभावि रुपमा सार्वजनिक स्थानहरुमा फोहोर फालेमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ।

## ५. खेलकुद तथा मनोरञ्जन

यस गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **"खेलकुद र अनुशासन स्वस्थ जीवनको अभियान"** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई आत्मासाथ गर्दै खेलकुद विकासका लागि निम्न नीतिहरु अवलम्बन गरिएको छः

१) स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम बनाई खेलकुदको निरन्तर विकासमा जोड दिइनेछ।

२) विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

३) सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु सञ्चालनमा ल्याउनुका साथै खेल सामाग्रीहरु उपलब्ध गराइनेछ।

४) विद्यालयस्तरीय वडास्तरीय विभिन्न खेलकुदका कार्यक्रमहरु सञ्चालन गरी खेलकुदलाई प्रतिस्पर्धात्मक बनाउनका साथै यसको व्यवसायिकतामा जोड दिइनेछ।

५) यस गाउँपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रीय तथा अन्तराष्ट्रीयस्तरमा प्रतिस्पर्धी बनाउन र खेलाडीलाई प्रोत्साहन गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ।

६) राष्ट्रिय तथा अन्तराष्ट्रिय विजेताहरुलाई विशेष सम्मानको कार्यक्रम आयोजना गरिनेछ।

७) खेलकुदका लागि आवश्यक पूर्वाधारहरुको विकासमा जोड दिइनेछ।

८) खेलकुद सँग सम्बन्धित क्लब तथा संस्थाहरुलाई सुदृढ एवम् व्यवस्थित बनाउन आवश्यक मापदण्ड तथा कार्यविधि बनाईनेछ।

९) स्थानिय युवा तथा बालक्लबहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ।

## ६. महिला, जेष्ठ नागरिक तथा बालबालीका नीतिः

१) लैङ्गिक समता तथा सशक्तिकरणको माध्यमबाट छुवाछुत, विभेद, पछौटेपन, गरिबी, बेरोजगारी आदिको चपेटामा परेका महिला दिदिबहीनिहरुको जीवनस्तर, अभिवृद्धी गरी समाजका हरेक क्षेत्रमा उहाँहरुको समानुपातिक, सक्रिय र अर्थपूर्ण सहभागिता मार्फत आर्थिक तथा सामाजिक स्थिति सुधार गर्नेतर्फ गाउँपालिकाको महिला तथा बालबिकास नीति केन्द्रित हुनेछ।

२) विभिन्न सरकारी, गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरि बालबालिकाको क्षेत्रमा आवश्यक व्यवस्था गरि यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासनको सुनिश्चतता गरिनेछ।

३) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, जेष्ठ नागरिक, दलित, पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

४) गाउँपालिका भित्र निर्माण गरिने संरचनाहरु लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक कार्यहरु गरिनेछ।

५) **लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान, अन्तराष्ट्रिय महिला श्रमिक दिवस तथा तिज** विशेष कार्यक्रमहरुलाई सचेतना अभिवृद्धिमूलक कार्यक्रमहरुको रुपमा निरन्तरता दिइनेछ।

६) महिला, दलित, अपांग, जनजाती, जेष्ठनागरिक, गरिब, तथा युवा लक्षित आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ।

७) सीप तथा क्षमता विकाश तालिम संचालन केन्द्र, सिपमुलक तालिममा कम्पयुटर, ड्राईभिङ लगायतका तालिममा महिलाहरुलाई विशेष सहभागि गराईनुका साथै सिटि हल, बालगृह, महिला आपतकालीन पुनस्थापना केन्द्र, वृदाश्राम, कोसेली घर लगायतको स्थापना, संचालन तथा व्यवस्थापनमा विशेष जोड दिई सो को लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

८) अपांग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज बनाई परिचय पत्रको आधारमा यातायात, विद्यालय, अस्पताल, रोजगारी, सुपथ मुल्यमा पसल लगायतमा सहुलियत तथा सुविधा पाउने व्यवस्था गरिनेछ।

९) जातीय, लैंगिक, क्षेत्रीय विभेद, असमानता, उत्पीडन उल्मुलन गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ र सो को लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

१०) न्यायिक समितिको सुदृढिकरणको लागि मेलमिलापकर्ताको व्यवस्था गरिनेछ।

११) महिला सशक्तिकरणका लागि महिलाहरुलाई नै विशेष प्राथमिकता दिई प्रस्तावना लेखन, कार्यक्रम सञ्चालनका लागि समेत आवश्यक पहल गरिनेछ।

१२) महिला तथा बालमैत्री गाउँ स्थापनाका लागि महिला, अपाङ्ग तथा बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

१३) अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरि अपाङ्गता परिचयपत्र वितरणका लागि यस पालिकाका सबै वडाहरुमा घुम्ति शिविर सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१४) शहिद परिवार परिचयपत्र वितरणका साथै आर्थिक सहायता उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ।

१५) जनयुद्ध, जनआन्दोलनका घाईतेहरुलाई उपचार खर्चको व्यवस्था गरिने नीति लिइनेछ।

१६) द्धन्द प्रभावित महिलाहरुलाई आयआर्जनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने नीति लिइनेछ।

१७) पालिकामा स्तनपानकक्ष व्यवस्थापन गरिनेछ।

१८) बालबिबाह न्यूनिकरण, बालपोषणको महत्व, आत्माहत्या न्यूनिकरण र घरेलु हिसांको विषयमा सासुबुहारी अन्तरक्रियात्मक कार्यक्रमका लागि बजेट व्यवस्थापन गरिनेछ।

१९) दलित र गैरदलित बिच हुने कानुनि वैवाहिक सम्बन्धलाई सम्मान गरिनेछ।

२०) पालिकास्तरमा जनजाती र दलित नमुना वस्तीको लागि आवश्यक पहल गरिनेछ।

## ७. पूर्वाधार विकासः

१) गाउँपालिकाको आवधिक योजना, ग्रामिण यातायात गुरुयोजना, ढलनिकास गुरु योजना, विद्युत, सहाकारी अवधारणालाई पहिलो प्राथमिकतामा राखि योजना कार्यान्वयनमा ल्याइने छ।

२) स्थानिय तह, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिइने छ।

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा बाँफिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको बस्ति विकास योजनालाई लागु व्यवस्थित गाउँ, शहरको विकास गरिनेछ।

४) विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईने छ।

५) भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्न जिल्ला भित्र रहेका सम्बन्धित निकायहरुसँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पुर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिनेछ।

६) भुकम्प प्रतिरोधी भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मीहरुको प्रमाणपत्रलाई आधार मानेर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। नक्सा

पास तथा भवन निर्माण प्रक्रियमा तालिम लिएका डकर्मीहरुको प्रमाणपत्र राखेर निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिइनेछ।

७) बाँफिकोट गाउँपालिकामा भइरहेको क्रमिक जनसंख्या वृद्धि तथा बढ्दो सहरीकरणलाई मध्य नजर गर्दै गाउँपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उदेश्य एकीकृत बस्ति विकास कार्यक्रमलाइ अगाडि बढाइनेछ।

८) योजना मर्मत सम्भारका लागि छुट्टै मर्मत सम्भार कोष खडा गरि सञ्चालनमा ल्याईने छ।

९) सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाईनेछ।

१०) विकासको क्षेत्रमा काम गरिरहेका समाजिक संस्थाहरुसँग सहकार्य गरिनेछ।

११) नक्सा पास तथा नापीलाई यसै आ.व. बाट व्यवस्थित गरिनेछ।

१२) भवन निर्माण मापदण्ड तथा आचार संहितालाई मन्त्रालयले तोकेबमोजिम घर नक्सा पास अनिवार्य गर्ने नीति लिइने छ।

१३) अटेरी गरि गाउँपालिकाको नीति नियम विपरित भौतिक संरचना निर्माण गर्नेलाई दण्ड जरिवाना गरि कानुन बमोजिम आवश्यक कार्वाही गरिनेछ।

१४) आयोजनालाई वातावरणमैत्री बनाईने छ। सम्भव भए सम्मका स्थानहरुमा हरियाली व्यवस्थापनलाई जोड दिइने छ।

१५) स्यार्पु ताल संरक्षण तथा घेरबार, कुबाङसम्मको पर्यटकीय सडक, भम्पु, पाथेहाल्ना पर्यटकीय ट्र्याक मार्ग तथा पार्किङ व्यवस्थापन गर्ने लगायतका यस पालिकाको ऐतिहासिक महत्व बोकेका विभिन्न योजनाहरु माग गर्नका लागि प्रदेश सरकार, संघ सरकारसँग समन्वय गरिनेछ।

१६) पालिकाको विभिन्न स्थानमा आवश्यकता अनुसार झोलङ्गे पुल माग गरि निर्माण गरिनेछ।

१७) यस पालिका भित्रका विभिन्न स्थानमा निर्माण हुने सडकहरुमा ढलनिकासको लागि नाला अनिवार्य रुपमा निर्माण गरिनेछ।

१८) यस पालिकाको मुख्य व्यापारिक केन्द्र छिनखेत बजारलाई व्यवस्थित गर्न सहरी विकास मन्त्रालय तथा भौतिक पूर्वाधार मन्त्रालयसँग समन्वय गरिनेछ।

१९) सबै धुले सड्कहरुलाई ग्राभेल गरी बाह्रै महिनामा गाडि चल्न सक्ने बनाइनेछ।

२०) सबै सड्कको तलमाथि ३-३ लेयर बाँस लगायत अन्य रुखहरु रोपण कार्यलाई जोड दिइनेछ।

२१) गाडि रोकिने स्थानहरुमा बिश्रामस्थल निर्माण गरिनेछ।

२२) बजार क्षेत्रलाई सुन्दर र आकर्षक बनाइनेछ।

२३) पुराना वर पीपल चौतारीहरुको संरक्षण र नयाँ ठाउँमा वर पिपल रोपिनेछ।

२४) आवश्यकता अनुसार झोलुङ्गे पुलको निर्माण र पुरानोलाई मर्मतसम्भार गरिनेछ।

२५) सबै घरमा बिजुली बत्ती पुऱ्याउनको लागि विद्युत प्राधिकरण सँग समन्वय एवम् सहजिकरण गरिनेछ।

२६) स्थानीय स्तरमा उत्पादित विद्युतको मर्मत सम्भार र प्रयोगमा जोड दिइनेछ।

२७) सडक अधिकार क्षेत्र निर्धारण गर्ने सडक रुट तोक्ने, यातायात भाडा दर तोक्ने पालिका यातायात सेवा संचालन गर्ने गाडि मोटरसाइकल मर्मत क्षेत्र व्यवस्थापन गर्ने, पुराना र मापदण्ड विपरितका सवारी साधनमा रोक लगाई ट्राफिक नियम पालनामा जोड दिई यातायात व्यवस्थापनलाई चुस्त दुरुस्त बनाईनेछ।

२८) पालिकाले आफ्नो क्षेत्रमा डोजर संचालन गर्दा वातावरणीय जोखिमलाई मध्यनजर गरि मात्र डोजर संचालन गर्न दिने र यसको कडाईका साथ अनुगमन गरिनेछ।

२९) सबै योजनाको सम्झौता प्रत्येक वडामा उपभोक्ताहरुको रोहवरमा गरिनेछ र सार्वजनिक लेखा परिक्षण सक्कल विल भर्पाईको आधारमा मात्रै गरिनेछ।

३०) पालिकाका १० वटै वडालाई प्रतिनिधित्व गर्ने गरि रिङ रोडको निर्माणलाई निरन्तरता दिइनेछ।

३१)पालिकालाई सेन्टर स्टेसन बनाउने पालिकासँग जोडिने बाटाहरु पालाकोट पीपल स्यार्पु बाँफिकोट, नदुवा मग्मा बडगाउँ बाँफिकोट, स्याला दुलि छरेखोला ठुलाखोला मोचे मग्मा बाँफिकोट, गाराबाङ फेरा झुला भेराखेत छिनखेत बाँफिकोट, सेजे ठाँटी गाराघाट बाँफीकोट, किमाना सिम्तारु बाँफिकोट सडकहरुलाई स्तरोन्नति गरिनेछ।

३२) स्यार्पुताल वरिपरि स्मार्ट बल्ब जडान गर्नका लागि आवश्यक बजेट विनयोजन गरिनेछ।

३३) विकट लेखाबाङ क्षेत्रलाई सडक सञ्जालमा जोडन आवश्यक पहल गरिनेछ।

३४) मच्छिन्द्र आ.वि. देखि भानुभक्त मा.वि. सम्म सडक सञ्जाल जोड्नका लागि आवश्यक पहल गरिनेछ।

३५) जिपु, कालाखर्क, कुबाङ सम्म सडक विस्तार गरिनेछ।

३६) एकता आ.वि. ठाँटि देखि दुदेपाखा हुदैं चाराखोला सडक विस्तारका लागि आवश्यक पहल गरिनेछ।

३७) पालिकास्तरका सम्पूर्ण विद्युत प्रसारण लाईनहरु तथा थ्रि-फेज लाईन विस्तार एवम् पूर्ण मर्मत गरिनेछ।

३८) विद्युत प्राधिकरण सँग सम्नवय गरि विद्युत उपलब्धतामा सरलिकरण गरिनेछ।

३९) सडक विस्तार तथा विकास निर्माणका काम गर्दा क्षति भएका संरचनाहरु पुर्ननिर्माण गरि व्यवस्थित गरिनेछ।

## ८. रोजगारी सिर्जनाः

१) माथि उल्लेखित कृषि र वनमा आधारित उद्योग, व्यवसाय, श्रम बैंक, उद्यमशीलता पर्वद्धन मार्फत युवा बेरोजगारहरुलाई संगठित गरी परिचालन गर्ने निति अवलम्बन गरिनेछ।

२) पालिकाबाट छनोट गरिने योजनाहरु रोजगार प्रदान गर्ने खालका छनोट गरिनेछ।

३) प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको संचालन गरि स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

४) रोजगार सेवाकेन्द्र मार्फत बेरोजगारहरुको अभिलेख व्यवस्थित र अध्याबधिक गरिनेछ।

५) पुर्वाधार निर्माण तालिम, भुकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्ने दक्ष मिस्त्रि, सिकर्मी, डकर्मी, खानेपानी, झोलुङ्गे पुल, सडकपुल, ठुला भवन निर्माण, रंगरोगन, प्लम्बिङ, वायरिङ, सटरिङ आदि विषयमा तालिम दिई स्थानीय जनशक्तिको उत्पादन गरि रोजगार उपलब्ध गराउन विषेश जोड दिईनेछ ।

६) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रोजगार पाउने गरि व्यवस्थित र सहि रुपमा संचालन गर्ने निति अबलम्बन गरिनेछ।

## ९) संस्थागत विकास, सुशासन र सेवा प्रवाहः

१) पालिका, वडा, कृषि, पशु र स्वास्थ्य संस्था लगायतका कार्यालयहरुको आफ्नै प्रशासनिक भवन निर्माण गरिनेछ।

२) यस गाउँपालिकाको संगठन संरचना तथा दरवन्दी सर्वेक्षण गरि आवश्यक कर्मचारी माग गर्नका लागि सम्बन्धित निकायमा पत्राचार गरिनेछ।

३) सेवाग्राहीहरुलाई सहज तरिकाले सेवा प्रभाव गर्नका लागि आवश्यक मापदण्ड तयार गरि यस पालिका बाट भुक्तानि हुने सामाजिक सुरक्षा भत्ता, योजनाहरुको भुक्तानि, विभिन्न कार्यक्रमहरुको भुक्तानि गर्नका लागि स्थलगत अनुगमन, सार्वजनिक परिक्षण लगायतका प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पुरा गरि भुक्तानिका लागि यस पालिका अन्तर्गतका १० वटै वडाहरुमा भुक्तानि शिविर सञ्चालन गरिनेछ।

४) सार्वजनिक सेवा प्रवाहलाई सहज तरिकाले सेवा प्रवाह गर्नका लागि यस गाउँकार्यपालिकाको कार्यालयको लागि अनिवार्य रुपमा सवारी साधन खरिद गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

५) कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्नको लागि हरेक ३-३ महिनामा पालिकाले क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।

६) न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई व्यवस्थित र प्रभाबकारी रुपमा कार्यान्वयन गर्न मेलमिलाप केन्द्रको स्थापना तथा मेलमिलापकर्ताहरुलाई तालिम तथा सूचिकरणको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

७) स्थानीय न्यायिक समितिबाट समाधान हुने विवाद र यसको कानुनी प्रावधान सम्बन्धमा आम नागरिकलाई जानकारी गराउन वडा तथा बस्तीस्तरमा कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ।

८) गाउँपालिकाको प्रभावकारी एवं दिगो विकास र उपलब्ध स्रोत साधनको समुचित उपयोगका लागि प्रदेश सुशासन सहयोग कार्यक्रमको साझेदारीमा आवधिक गाउँपालिका विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।
९) आर्थिक रुपमा अति विपन्न नागरिकहरुलाई निःशुल्क कानुनी सेवा प्रदान गरिनेछ।

१०) गाउँपालिकाको प्रभावकारी एवं दिगो विकासकालागि जनताको गुनासो सुन्नको लागि गुनासो पेटिकाको व्यवहारिक प्रयोग गरिनेछ।
११) हरेक महिना कर्मचारी बैठक, शाखा प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता र सोको आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था गरिनेछ।
१२) पालिकाका हरेक निर्णयहरु पालिकाको वेव साइट, सुचना पाटि,संचार माध्यम मार्फत प्रकाशन तथा प्रचार गरिनेछ।
१३) एकिकृत सेवा प्रवाह अवधारणा कार्यान्वयन, आयोजनाहरुको प्रभावकारी अनुगमन तथा मुल्याङकन, गुणस्तर, परिमाण, समय र लागतको सुनिश्चिता, उपभोक्ता समितिहरुको सुदृढिकरण र क्षमता विकास, एकल अधिकार तथा साझा अधिकार कार्यान्वयनको लागि आवश्यक कानुनको निर्माण गरिनेछ ।
१४) जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुले मदिराजन्य पदार्थ सेवन गरी पदीय मर्यादा विपरीतका कार्य गरेमा अनुशासनको कारबाही गरिनेछ ।
१५) सक्रिय कर्मचारीलाई प्रोत्साहन तथा निस्कृय कर्मचारीलाई उत्प्रेरणा सिर्जना गरि कार्यालयको सेवा प्रवाह संचालन गर्ने निति लिइनेछ।
१६) पहिलेको बेरुजु रकम फछ्यौंट गरि बेरुजु शुन्य पालिका बनाउने निति लिइनेछ।

१७) आम जनताले महशुस गर्ने गरी जननिकट सरकारको अनुभुति दिलाउन सक्ने गरि सरकारको कामकाजलाई व्यवस्थित गरिनेछ।

१८) यस बाँफिकोट गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कृत तथा सम्मान गरिनेछ।

१९) यस गाँउपालिकालाई आवश्यक पर्ने गुरुयोजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना योजना लगायतका योजनाहरु निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२०) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत सम्पूर्ण वडाहरुमा सहज तरिकाले सेवा प्रवाह गर्नका लागि अभिमुखिकरण एवम् तालिम सञ्चालन गर्ने नीति लिइनेछ।

## १०) सूचना तथा संचार प्रविधिः

१) गाउँपालिकालाई बदलिदो परिवेशसँग सामना गर्न सूचना तथा संचार प्रविधिको विकासमा आवश्यक पर्ने स्रोत साधनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२) गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधालाई सकेसम्म विद्युतीय माध्यमबाट प्रवाह गरिने व्यवस्था मिलाईनेछ।

३) गाउँपालिका र वडा कार्यालयमा सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन High Speed को Internet सुविधाको व्यवस्था गरिनेछ।

४) गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवा सुविधाहरु जस्तैः दर्ता चलानी, सिफारिस, योजना व्यवस्थापन प्रणाली, राजश्व तथा अन्य सेवाहरु अनलाइनबाट प्रवाह गरिदै आएकोमा सो प्रणालीलाई थप व्यवस्थित बनाउन आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

५) गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालयमा रहेका Printer **तथा** Computer लाई मर्मत गरि थप प्रभावकारी बनाउन आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

६) गाउँपालिकाका सम्पुर्ण कर्मचारी, जनप्रतनिधि लगायत आवश्यक जनशक्तिलाई कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान प्रदान गरी पालिकालाई विद्युतीय साक्षर घोषणा गरिनेछ।

७) गाउँपालिकाको विस्तृत प्रोफाईल तयार एवम् परिमार्जन गर्न अर्थात् अपडेट गर्नका आवश्यक पर्ने जनशक्ती एवम् बजेटको व्यवस्थापन गरिनेछ।

८) यस गाउँपालिकाबासिहरुको गुनासो सम्वोधन, जिज्ञासा मेट्न एवम् सूचना प्रदान गर्नका लागि टोल फ्रि नं. सञ्चालनमा ल्याई **हेलो बाँफिकोट कार्यक्रम** सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ।

९) सबै क्षेत्रमा मोबाइलको सुविधा पुऱ्याउन र 4G सेवा पुऱ्याउन आवश्यक पहल गरिनेछ।

१०) युवा युवतिहरुलाई मोवाइल मर्मत तालिम प्रदान गरिनेछ ।

११) सबै कार्यालय र विद्यालयहरुबाट सुचना प्रविधिमा आधारित डिजिटल सेवा प्रदान गरिनेछ। सबै कार्यालय र विद्यालयमा डिजिटल हाजिरी, सिसिटिभि, वेवसाइट, ग्रुप एस एम एस, इमेल, अनलाइन प्रविधि र नयाँ नयाँ सफ्टवयरको प्रयोगबाट छिटो छरीटो सेवा प्रदान गरिनेछ।

११) बाँफिकोट गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई सूचना आदान प्रदान गर्नका लागि Group SMS प्रणाली लागु गरि थप प्रभावकारी बनाईनेछ।

१२) यस गाउँकार्यपालिकाको कार्यालयमा सेवा ग्राहीहरुलाई सहज तरिकाले सेवा प्रवाह गर्नका लागि कम्प्युटर प्रणालीमा आधारित **Digital Token System** को समेत व्यवस्थापन गरिनेछ।

१३) सेवा ग्राहीलाई गाउँपालिकाका सूचना, देशका समसामयिक गतिविधिको बारेमा समेत जानकारी गराई सेवा लिदाँ पालोमा बस्ने ठाउँमा **Smart TV** जडान गरि व्यवस्थित गरिनेछ।

१४) गाउँपालिकाको कार्यलाई चुस्तदुरुस्त सम्पादन गर्नका आवश्यक पर्ने ल्यापटप, कम्प्युटर लगायतका डिजिटल उपकरणहरुको खरिद एवम् व्यवस्थापन गरिनेछ।

१५) स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (**LISA**), स्थानीय तहको बित्तिय सुशासन जोखिम प्रणाली (**FRA**) जस्ता स्थानीय तहसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि अभिमुखिकरण कार्यक्रम लगायत तालिमको व्यवस्थापन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

## ११) आर्थिक प्रशासन, राजस्व तथा कर प्रणालीः

१) वित्तिय मितव्ययितालाई यस वर्ष अभियानको रुपमा सञ्चालन गरिने छ।

२) आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ।

३) करको दायरा फराकिलो बनाउँदै करका दरहरुमा हेरफेर गरिनेछ। आगामि आ.व. २०८०।०८१ देखि व्यवस्थित रुपमा सम्पत्ति कर तथा भुमि कर लाई थप व्यवस्थित बनाइने छ।

४) सम्पत्ति कर भित्र गाउँपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण तथा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।

५) गाउँपालिका भित्र उच्चतम तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलाई अघि बढाइने छ।

६) गाउँपालिका भित्र व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायीहरुलाई गाउँपालिकामा अनिवार्य व्यवसाय दर्ता गर्नुपर्ने प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

७) तरकारी हाट बजार व्यवस्थापन कार्यको शुरूवात यसै वर्षदेखि गर्ने नीति लिइनेछ।

८) कर्मचारीको कार्यबोझ तथा जिम्मेवारीको आधारमा थप प्रोत्साहन गर्ने नीति लिइनेछ।

९) राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा गाउँपालिकास्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण तथा कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

१०) पुँजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ दिगो आय दिने खालका आयमुलक आयोजनाहरुलाई बहुबर्षीय आयोजनाको रुपमा संचालन गर्ने नीति लिइने छ।

११) करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यापार व्यवसाय गर्ने व्यवसायीहरु सँग मापदण्ड तोकी बहाल बिटौली कर लिने नीति लागु गरिनेछ।

१२) यस पालिकाभित्रको सम्पूर्ण क्षेत्रका जग्गा जमिनको मूल्य निर्धारणका लागि आवश्यक पहल गरिनेछ।

## १२) संगठन तथा जनशक्ति व्यवस्थापनः

१) कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन प्रचलित कानुन बमोजिम तथा करार सेवा निर्देशिका र मापदण्डको आधारमा गरिनेछ।

२) पटक-पटक सेवा खरिद गर्दा हुने कार्यबोझ र असहजतालाई विचारगरि पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनीहरुको योग्यता, कार्य सम्पादन मूल्याङ्कन र आचरणको आधारमा कार्यालयको आवश्यकता र स्रोत, साधन तथा क्षमतालाई हेरी निरन्तरता दिने नीति लिइने छ।

३) उपलब्ध जनशक्तिको क्षमता विकास गर्ने उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने व्यवस्था गरिनेछ।

४) न्यूनतम शर्त तथा कार्यक्रम मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ।

५) ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्याङ्कनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६) मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवम् बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ।

७) यस पालिका भित्र रहेका अपाङ्ग, विपन्न, दलित, जनजाति, महिला, गरिब लगायत विभिन्न समुदायमा छरिएर रहेका विद्यार्थीहरुलाई राष्ट्रप्रति अभिप्रेरित गर्दै लोकसेवा आयोग तयारी कक्षाहरु सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

## १३) विविधः

१) प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्बन्धित निकाय सँग समन्वय गरि अघि बढ्ने नीति लिइनेछ।

२) यस गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खूलेका नयाँ पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरि नक्साकंन तथा सिमाकंन गरिनेछ।

३) धार्मिक, ऐतिहासिक, साँस्कृतिक, महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ।

४) राष्ट्रका विभिन्न नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ।

५) दातृ निकायहरुलाई बाँफिकोट गाउँपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानी गर्ने वातावरण सृजना गरिनेछ।

६) गाउँपालिका भित्र रहेका गाउँपालिका स्तरीय विभिन्न समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रियाशिल बनाइनेछ।

७) यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई सकभर काममा दोहोरोपना नआउने गरी स्विकृत दिइनेछ।

८) जेष्ठ नागरिकलाई मध्यनजर गरि विशेषखालका कार्यक्रम संचालन गरिनेछ।

९) अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वय गरी बाँफिकोट गाउँपालिकामा कार्यक्रम संचालन गर्ने स्थानीयस्तरका गैर सरकारी संस्थाहरुलाई समपुरक अनुदानको व्यवस्था गर्ने कार्यको नीति अवलम्बन गरिनेछ।

१०) बाढि पहिरोको जोखीममा रहेका बस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ।

११) गाउँपालिकाको कामलाई व्यवस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ।

१२) छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासलाई निरन्तरता दिइनेछ।

१३) स्थानीय विकासको अवधारणा अनुरुप आवश्यक योजनाहरुको पहिचान, मूल्यांकन तथा प्राथमिकता सम्बन्धी आयोजना बैंक, मार्गदर्शन तयारी गर्नका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने र समन्वय गरिनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

अन्त्यमा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा यहाँ पाल्नुभएका अतिथि ज्यूहरुबाट गहन मार्गदर्शन एवम् रचनात्मक सुझावहरु प्राप्त हुने नै छन् र उक्त गहन मार्ग निर्देशन एवम् रचनात्मक सुझावहरुलाई मनन गरी समग्र गाउँपालिकाको विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बस्तुनिष्ठ  बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु। गाउँपालिकाको समग्र विकास अभियानमा सदैव संवेदनशील भै सहयोग गर्नुहुने सबै राजनीतिकदल, सबै सरकारी कार्यालयहरु, सबै गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, बुद्धिजिवि, पत्रकार लगायतका विभिन्न सामाजिक संघ संस्थाहरु र आदरणीय गाउँपालिकाबासिहरुमा हार्दिक आभार व्यक्त गर्दछु। यो कार्यक्रम र बजेट कार्यान्वयनका लागि यहाँहरुबाट सदा झैं निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु र प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा अहोरात्र खटिइ परिषद्को जिम्मेवारी पुरा गर्नहुने सबै कर्मचारी साथीहरुमा समेत आभार एवम् धन्यवाद व्यक्त गर्दछु।

**जनक कुमार बाठाँ मगर**
**अध्यक्ष**
**बाँफिकोट गाउँपालिका**
**रुकुम (पश्चिम)**